आज मिति २०८०/०२/३० गते मंगलबारका दिन यस रामग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादव ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसियो ।

## उपस्थिति :

| नाम | वडा नं | पद |
|---|---|---|
| श्री धनपत यादव | | नगर प्रमुख |
| श्री सम्झना चौधरी | | नगर उपप्रमुख |
| श्री रुद्र प्रकाश उपाध्याय | १ | वडा अध्यक्ष |
| श्री निरज रौनियार | २ | वडा अध्यक्ष |
| श्री उज्जवल न्यौपाने | ३ | वडा अध्यक्ष |
| श्री मदन यादव | ४ | वडा अध्यक्ष |
| श्री हरि प्रसाद शर्मा | ५ | का वडा अध्यक्ष |
| श्री विद्या सागर त्रिपाठी | ६ | वडा अध्यक्ष |
| श्री रबिन्द्र यादव | ७ | वडा अध्यक्ष |
| श्री मदन प्रसाद कुर्मी | ८ | वडा अध्यक्ष |
| श्री भोजनारायण यादव | ९ | वडा अध्यक्ष |
| श्री सुरेश यादव | १० | वडा अध्यक्ष |
| श्री धनिराम यादव | ११ | वडा अध्यक्ष |
| श्री लोक बहादुर चौधरी | १२ | वडा अध्यक्ष |
| श्री असनारायण प्रसाद चौधरी | १३ | वडा अध्यक्ष |
| श्री ओम प्रकाश यादव | १४ | वडा अध्यक्ष |
| श्री धनपत यादव | १५ | वडा अध्यक्ष |
| श्री बिजय कुमार यादव | १६ | वडा अध्यक्ष |
| श्री कन्हैया प्रसाद कोईरी | १७ | वडा अध्यक्ष |

| | | |
|---|---|---|
| श्री गोपाल डिस्वा मगर | १८ | वडा अध्यक्ष |
| श्री बच्ची कहार | ५ | कार्यपालिका सदस्य |
| श्री भगवती कुमारी चौधरी | ११ | कार्यपालिका सदस्य |
| श्री सिमिर्ती देवी चौधरी | ४ | कार्यपालिका सदस्य |
| श्री सिता मइया चौधरी | १४ | कार्यपालिका सदस्य |
| श्री नानु कुमारी थापा खड्का | ३ | कार्यपालिका सदस्य |
| श्री सुरेश पासवान | ५ | कार्यपालिका सदस्य |
| श्री अमृत सिंह जि.सि. | २ | कार्यपालिका सदस्य |
| श्री कमलेश्वर ठाकुर | १५ | कार्यपालिका सदस्य |
| श्री मान बहादुर खड्का | रामग्राम नगरपालिका | प्रमुख प्रशासकीय अधिकृत ,सचिव |

बैठक संचालन सहयोगी कर्मचारीहरु :

श्री कुन्दन कुमार चौधरी लेखा अधिकृत सातौं
श्री रमकान्त भुसाल अधिकृत छैठौं
श्री रामजी थापा न्याय सचिवालय
संजय कुमार शर्मा ले. अ.

## मिति २०८०/०२/३० गते २० औं कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १ : अघिल्लो बैठकको समीक्षा र निर्णय पुनरावलोकन सम्बन्धमा ।
प्रस्ताव नं. २: पूर्ण खोप सुनिश्चितता पालिका घोषणा सम्बन्धमा ।
प्रस्ताव नं. ३ : कालो सुचीमा राख्ने सम्बन्धमा ।
प्रस्ताव नं. ४ : राजश्व परामर्श समितिको सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं. ५ : विद्युत महशुल भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं. ६ :जग्गा नापजाँच सम्बन्धमा ।
प्रस्ताव नं. ७ : परासी हाट बजार भित्र रहेका घरटहरा हटाउने सम्बन्धमा ।
प्रस्ताव नं. ८ : रु. ५ लाख भन्दा कम पूँजीका उद्योग व्यवसाय नियमन सम्बन्धमा ।
प्रस्ताव नं. ९ : वैरिहवा खानेपानी पाइपलाइन विस्तार सम्बन्धमा ।
प्रस्ताव नं. १०: सडक मापदण्ड सम्बन्धमा ।
प्रस्ताव नं. ११ : प्रशासनिक भवन निर्माण सम्बन्धमा ।
प्रस्ताव नं. १२ : १२ औं नगर सभाको मिति तोक्ने सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १ : रामग्राम नगरकार्यपालिकाको मिति २०८०/१/२६ मा बसेको १९ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं २ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकामा मिति २०८०/०२/२९ गते भित्र पूर्ण खोप नगरपालिका सुनिश्चतताका लागि पूरा गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी बालबालिकाले १५ महिना उमेर भित्रै पाउनुपर्ने सम्पूर्ण खोपहरू प्राप्त गरेको सुनिश्चत गरिएको हुँदा पूर्णखोप सुनिश्चतता भएको दिगोपन प्रमाणिकरण गर्नको लागि जिल्ला खोप समन्वय समिति, नवलपरासी (ब.सुप) मा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं ३ माथि छलफल गर्दा यस रामग्राम नगरपालिकाको वडा नं. ६ र सुनवल नगरपालिकाको वडा नं ९ जोड्ने पोखरापाली काशीपुर पुलको ठेक्का ( ठेक्का नं RAM/SUNWAL/EB/077/078/06) मिति २०७७/९/२४ गत यस कार्यालय र खड्का /इगेश जे.भि. ताथली-४, भक्तपुर बीच सम्झौता भई निर्माण कार्य सुचारु भएकोमा आ.व.०७९/०८० को पौष मसान्त सम्म म्याद थप भएको र हाल उक्त पुलको निर्माण कार्य बिगत लामो समय देखि ठप्प रहेको हुदाँ मिति २०७९/१२/९ गते यस कार्यालयबाट कारवाही सम्बन्धमा पत्राचार भएकोमा मिति २०७९/१२/१२ गतेका दिन सरोकावाला व्यक्ति श्री गणेश बास्कोटा यस कार्यालयमा उपस्थित भई कुनै चित बुझ्दो जवाफ नदिई सात (७) दिन भित्र कार्य सुचारु गरी अषाढ मसान्त भित्र सम्पन्न गर्छु भन्दै निवेदन दर्ता गरेपनि निज दुबै साझेदार फर्मवालालाई पटक पटक सम्पर्क गर्ने प्रयाश हुँदा समेत सम्पर्कमा नआएको सन्दर्भमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ र ऐ. नियमावली, २०६४ को नियम ४१ बमोजिम निजको धरौटी (परफरमेन्स बण्ड वापतको रकम) जफत गरी कालो सूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालय तहाँचुल काठमाडौंमा सिफारिस गर्ने निर्णय गरियो ।

...न बहादुर खड्का
...प्रशासकीय अधिकृत

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश

निर्णय नं. ४ : प्रस्ताव नं ४ माथि छलफल गर्दा यस नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८०/२/१८ र २०८०/२/१९ गतेको बैठकमा भएका देहायका निर्णय/सिफारिस तपसिल बमोजिम हुने निर्णय गरियो ।

तपसिल:

४.१ : नगरपालिका क्षेत्राधिकार भित्र रहेको शान्ति चौर कसियाको भूमही परासी सडक खण्डको पूर्व र पश्चिम मोहडा रहेका देहायका सटर कोठाहरुको न्यूनतम कबोल अंक कायम गरी आ.व. २०८४/०८५ सम्मका लागि आय ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

क .भूमही परासी सडक खण्डको पश्चिम मोहडामा भएको सटरहरु

| क्र.सं. | सटर नं. | बहालमा लाग्नु भन्दा पहिलाको न्यूनतम रकम | बहालमा लागेको रकम | सिफारिस भएको रकम |
|---|---|---|---|---|
| १ | २ | १५०० | ४५५०।०० | १५०० |
| २ | ३ | १५०० | ५५००।०० | १५०० |
| ३ | ४ | १५०० | ४०५०।०० | १५०० |
| ४ | ५ | १५०० | ५९००।०० | १५०० |
| ५ | ६ | ४००० | ७०५५।०० | ४००० |
| ६ | ७ | ४००० | ४९०७।०० | ४००० |
| ७ | ८ | ४००० | ४०४०।०० | ४००० |
| ८ | ९ | ४००० | ४१५०।०० | ४००० |
| ९ | १० | ४००० | ४१५०।०० | ४००० |
| १० | ११ | ४००० | ४१५०।०० | ४००० |
| ११ | १२ | सिढी | खाली राख्ने | खाली राख्ने |
| १२ | १३ | ४००० | ४१०० | ४००० |
| १३ | १४ | ४००० | ४०५० | ४००० |
| १४ | १५ | ४००० | ४०१५ | ४००० |
| १५ | १६ | ४००० | ४०५० | ४००० |

ख. भूमही परासी सडक खण्डको पूर्व मोहडामा भएका सटरहरु

( पत्रकार महासंघको उत्तरतर्फ रहेका सटरहरु )

खड्का
प्रमुख प्रशासकीय अधिकृत

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश

| क्र.सं. | सटर नं. | बहालमा लाग्नु भन्दा पहिलाको न्यूनतम रकम | बहालमा लागेको रकम | सिफारिस भएको रकम |
|---|---|---|---|---|
| १ | १ | १००० | १५७५।०० | २०००।०० |
| २ | २ | १००० | १५७५।०० | २०००।०० |
| ३ | ३ | १००० | १५७५।०० | २०००।०० |
| ४ | ४ | १००० | १५७५।०० | २०००।०० |
| ५ | ५ | १००० | १३००।०० | २०००।०० |
| ६ | ६ | १००० | १३००।०० | २०००।०० |
| ७ | ७ | १००० | १३००।०० | २०००।०० |
| ८ | ८ | १००० | १३००।०० | २०००।०० |

४.२: यस रामग्राम नगरपालिकाको आ.व.०८०/०८१ को लागि साप्ताहिक हाट बजारहरुको ठेक्का बन्दोबस्त गर्न तपसिल बमोजिमको न्यूनतम कबोल अंक कायम गरी सूचना प्रकाशन भईसकेको हुंदा उक्त न्यूनतम कबोल अंक अनुमोदन गर्ने गरियो ।

तपसिल:

| क्र.स. | ठेक्का को नाम | बजार लाग्ने दिन | आ.व.०७९/०८० को १ वर्षको लागि न्युनतम ठेक अंक १३ प्रतिशत भ्याट बाहेक | आ.व.०७९/०८० को १ वर्षको लागि कबोल ठेक अंक १३ प्रतिशत भ्याट बाहेक | आ.व.०८०/०८१ को १ वर्षको लागि कायम न्युनतम ठेक अंक |
|---|---|---|---|---|---|
| १ | साप्ताहिक बुधवारे हाटबजार, परासी | बुधवार | २३६६१००।०० | २३७००००।०० | २३७००००।०० |
| २ | साप्ताहिक शनिवारे हाटबजार, परासी | शनिबार | २१४१५९२।०० | २१४१७००।०० | २१४१०००।०० |
| ३ | साप्ताहिक मंगलवारे पशु हाटबजार, उनवच | मंगलबार | ३२३३०१८।०० | ३२३५७००।०० | ३२३५०००।०० |
| ४ | साप्ताहिक मंगलवारे र | मंगलबार र शुक्रबार | ७२६५००।०० | ७२६५६०।०० | ७२६०००।०० |

प्रमुख प्रशासकीय अधिकृत

घनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| | शुक्रवारे हाटबजार, हकुई | | | | |
| ५ | साप्ताहिक सोमबारे र शुक्रबारे हाटबजार, पटखौली | सोमबार र शुक्रबार | ८८४९५५।०० | ८८५००००।०० | ८८५०००।०० |
| ६ | साप्ताहिक शुक्रवारे हाटबजार, धरमपुर | शुक्रवार | १०७९६४।०० | ११०८००।०० | ११००००।०० |
| ७ | साप्ताहिक मंगलवारे हाटबजार श्रीनगर कुन्द्रुप्लाट | मंगलवार | ८८५०।०० | ( | १००००।०० |

४.३ (क) यस रामग्राम नगरपालिका वडा नं. २ स्थित साप्ताहिक हाट बजारमा नवनिर्मित पसल घरहरुको पटक पटक सूचना प्रकाशन गर्दा समेत कुनै पनि पसल घरहरु हाल सम्म बहाल बन्दोबस्त हुन नसकेको हुंदा उक्त पसल सटर /घरहरु यस अघि कायम गरिएको न्यूनतम अंक रकमभन्दा बढी कबोल गर्ने व्यक्ति वा फर्मलाई छुट्टाछुट्टै सटर/ घर वा एकभन्दा बढी जतिसुकै वटा सम्म सटर /घर बहाल सोझै निवेदनको आधारमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

४.३ (ख) माथि ३ (क) बमोजिम सटर/घरबहाल व्यवस्थापन गर्दा न्यूनतम एक वर्षका लागि र बढीमा आ.व. २०८४/०८५ सम्म बहाल व्यवस्थापन गर्ने ।

४.३ (ग) उपरोक्त अनुसार सटर/घरबहाल सम्झौता गर्दा दोस्रो पक्षले कबोल गरेको न्यूनतम मासिक अंक रकमको ६ महिना बराबरको जम्मा रकम धरौटी कायम गर्ने ।

निर्णय नं. ५ : प्रस्ताव नं ५ माथि छलफल गर्दा यस रामग्राम नगरपालिका मातहतका वडा नं. ११ जमुवाड स्वास्थ्य चौकी, वडा नं. १८ बन्जरिया स्वास्थ्य चौकी /बर्थिंग सेन्टर, सडक सि.सि.टि.भि. क्यामेरा, घण्टाघर ( रामग्राम - ५ ) र वडा नं. ५ बुद्धचोकको सार्वजनिक शौचालयको विद्युत महशुलको बाँकी बक्यौता जरिवाना सहित भुक्तानी गर्ने निर्णय गरियो । बाँकि बक्यौता भुक्तानी गर्न नपुग हुने रकम जुनसुकै चालु तर्फको बजेट शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं ६ माथि छलफल गर्दा रामग्राम वडा नं. १४ का भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबास जग्गा नाप जाँच गर्ने कार्य थप व्यवस्थित गर्न तपसिल बमोजिम निर्णय गरियो ।

तपसिल :

१) नियन्त्रण बिन्दु स्थापना गर्नको लागि आवश्यक उपकरण भाडामा लिने साथै जग्गामा कन्क्रीट पिलर राख्ने समेतका कार्य सम्पन्न गर्न जनशक्ति परामर्श सेवा खरिद गर्ने र जनशक्ति consultancy मार्फत गर्ने तथा थप आवश्यक सहजिकरण गर्ने

घनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश

२) जग्गा नापँजाच गर्न को लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबास जग्गा नापँजाच कार्य गर्न डि.जि.पि.एस. (Differential Global positining system) उपकरण प्रयोग गरि नियन्त्रण बिन्दु स्थापना र जग्गा नापनक्शा कार्य , जग्गामा भूमि स्तम्भ राख्ने कार्य टोटल स्टेशनबाट गर्न पेश भए बमोजिम ल.ई. रकम रु. चार लाख बजेट व्यवस्थापन गर्ने

निर्णय नं. ७ : प्रस्ताव नं ७ माथि छलफल गर्दा थप विषय स्पष्ट पार्नुपर्ने भएकोले अध्ययन र सरोकारवालासँग छलफल गरेर अघि बढ्ने गरी हाललाई स्थगन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : प्रस्ताव नं ८ माथि छलफल गर्दा घरेलु तथा साना उद्योग कार्यालयको मिति २०७९/१२/०७ गतेको च.नं. २१६० को पत्रानुसार रु.पाँच लाख भन्दा कम पूँजी भएका प्राइभेट फर्महरु हस्तान्तरण भई आएकोमा उक्त फर्महरुको नवीकरण, नामसारी, ठाउँसारी, कारोवार संशोधन, लगायतका उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धि कार्यहरु रामग्राम नगरपालिकाको सो सम्बन्धी कानून जारी नहुँदा सम्म लुम्बिनी प्रदेश सरकारले जारी गरेको प्राइभेट फारम दर्ता ऐन, २०७९ तथा ऐ. नियमावली , २०७६ बमोजिम उपरोक्त कार्यहरु हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ९ : प्रस्ताव नं ९ माथि छलफल गर्दा रामग्राम नगरपालिका वडा नं. ४ मा निर्माण सम्पन्न खानेपानीका ट्याँकीको पाइपलाईन विस्तार गर्न वैरिहवा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई परासी खानेपानी तथा सरसफाई उपभोक्ता समितिको लागि खानेपानी पाइपलाईन विस्तार गर्न विनियोजन गरिएको रु. ७,५०,०००। - रकम मध्येबाट रु. ५,००,०००। - रकम अनुदान दिने निर्णय गरियो ।

निर्णय नं. १० : प्रस्ताव नं १० माथि छलफल गर्दा रामग्राम ८ नं. वडा कार्यालयबाट सिफारिस भई आए बमोजिम रामग्राम वडा नं. ८ बैकुण्ठपुर स्थित सिचाई बोरिंग ट्युबेल देखि हुलाकी सडकसम्मको सडक ३० फिट चौडाई कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : प्रस्ताव नं. ११ माथि छलफल गर्दा रामग्राम नगरपालिका वडा नं. २ मा रहेको कि.नं. ६८, क्षेत्रफल ०-४-० जग्गा हाल नापनक्शा तयार गरी नेपाल सरकारको नाममा श्रेस्तापूर्जा कायम गरिएको छ । विगत लामो समयदेखि रामग्राम नगरपालिकाले टहरा बनाई तरकारी बजार संचालन गर्दै आएकोमा हाल तरकारी बजार वडा नं. २ स्थित बजार क्षेत्रमा स्थानान्तरण हुँदा उक्त कि.नं. ६८ को उपयोग विहिन भई अतिक्रमणमा पर्न थालेको छ । सो जग्गामा नगरविकास कोषसँगको साझेदारीमा सपिङ कम्पलेक्श निर्माण गर्न रामग्राम नगर कार्यपालिकाको ११ औं बैठकको निर्णय भई उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ बमोजि गठित सिफारिस समितिको मिति २०७९/११/२१ को सिफारिस समेतबाट जग्गा नगरपालिकाको स्वामित्वमा प्राप्त गर्न पहल गरिएकोमा हाल यस नगरपालिकाको प्रशासनिक भवनबाट विषयगत शाखाको सेवा संचालन गर्न स्थान अभाव भएकोले स्थानीय पूर्वाधार विकास विभाग सँगको साझेदारीमा नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्ने कार्यका लागि तालुक निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : प्रस्ताव नं. १२ माथि छलफल गर्दा आसन्न १२ औं नगर सभा मिति २०८०/०३/०८ गते शुक्रबार सम्पन्न गर्ने निर्णय गरियो ।

... बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

धनपति यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश